# आ.व. २०७७/०७८ को वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन









नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं

# आ.व. २०७७/०७८ को वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

**प्रकाशक**

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं

फोन (०१) ४२००६७७, ४२०००२० इमेलः info@pmep.gov.np

वेवसाइटः http://pmep.gov.np

मंसीर २०७८

# विषय सूची

१. पृष्ठभूमि ........ ४
१.१ परिचय ........ ४
१.२ कार्यक्रम कार्यान्वयनमा कोभिड-१९ को प्रभाव ........ ४
१.३ वार्षिक समिक्षा ........ ५
१.४ वार्षिक समिक्षा कार्यक्रमको आयोजना ........ ५
१.५ जिल्लाको वर्गिकरण तथा स्थानीय तहको सङ्ख्या ........ ६
२. कार्यक्रममा सहभागिता ........ ८
३. बार्षिक समिक्षा तथा प्रतिवेदन ........ ९
३.१ कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह ........ ९
३.१ आयोजनाको प्रकृति तथा सङ्ख्या ........ १०
३.२ प्रदेशस्तरीय विवरण ........ १२
३.४ वार्षिक वित्तिय प्रगति रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट नगर्ने स्थानीय तह ........ १५
४. कार्यक्रमका चुनौतिहरु ........ १६
४.१ न्यून बजेटको विनियोजन ........ १७
४.२ स्थानीय तहको अपनत्वमा न्यूनतम ........ १७
४.३ बेरोजगार व्यक्तिको प्राथमिकिकरण ........ १८
४.४ कामका लागि पारिश्रमिक आयोजनामा लागत साझेदारी र रोजगारीका क्षेत्रहरु ........ १८
४.४ न्यूनतम ज्यालालाई राष्ट्रिय ज्याला दर निर्धारण गरिएको सम्बन्धमा ........ १९
४.५ उत्पादनशील पूर्वाधारको निर्माण ........ १९
४.६ बेरोजगार व्यक्तिको परिभाषा र प्राथमिकिकरण ........ २०
४.७ उत्पादनशील रोजगारी सृजना ........ २१
४.७ रोजगार सेवा केन्द्रको क्षमता विकास तथा विस्तार ........ २१

४.८ रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग ........ २२

५. कार्यक्रमगत र नीतिगत परिमार्जनका लागि सुझाव ........ २२

५.१ ज्याला दर तथा निर्माण सामग्रीको प्रावधानमा परिमार्जन ........ २२

५.२ श्रम बजारको नीति बमोजिमको रोजगार कार्यक्रम तथा सेवा केन्द्रको सञ्चालन........ २३

५.३ स्थानीय तहसंग नियमित र आवधिक परामर्श तथा अभिमूखिकरण ........ २५

५.४ नीतिगत परिमार्जनका लागि तदारुकता ........ २६

अनुसूची १ः मन्त्रालयबाट सहभागिता ........ २८

अनुसूची २ः आयोजना कार्यान्वयन नभएका स्थानीय तहको सूची ........ ३१

अनुसूची ३ः वार्षिक वित्तिय प्रगति प्राप्त नभएका स्थानीय तहको विवरण ........ ३३

कार्यक्रमका केही तस्वीरहरु ........ ३७

# १. पृष्ठभूमि

## १.१ परिचय

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार केन्द्रको स्थापना गरी अतिविपन्न बेरोजगार व्यक्तिको पहिचान तथा सूचीकरण गर्ने, सूचीकृत बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था रहेको छ । राष्ट्रिय प्राथमिकता प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रमले सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति एवम् श्रम बजारमा आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यबाट उत्पादनशील रोजगारी र मर्यादित काम लगायतको दीगो विकासको लक्ष्य प्राप्तिमा सहयोगी हुने अपेक्षा लिइएको छ । आ.व. २०७५/७६ देखि सञ्चालनमा आएको यस कार्यक्रमले नीति, कानून, कार्यविधि र निर्देशिका तयार गर्नुको अतिरिक्त संस्थागत तथा सांगठनिक व्यवस्था समेत गरेर कामका लागि पारिश्रमिकका क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । कार्यक्रम सञ्चालनको पहिलो र दोश्रो वर्षमा औषत रोजगारी दिन न्यून रहेकोमा तेश्रो वर्षमा करिब ७६ दिनको औषत रोजगारी दिनको सिर्जना भएको छ।

## १.२ कार्यक्रम कार्यान्वयनमा कोभिड-१९ को प्रभाव

विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ को कारण विश्व अर्थतन्त्रको उत्पादन प्रणाली र आपूर्ति श्रृंखलामा परेको प्रभावसँगै अन्तर्राष्ट्रिय श्रम बजारमा संकुचन आउदा बैदेशिक रोजगारीमा समेत असर परेको छ । वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमशक्तिले सम्भावित रोजगारी गुमाउदा नेपाली श्रम बजारमा थप चाप पर्ने हुन्छ । कोभिड-१९ को कारण २०७६ चैत्र ११ देखि नेपाल सरकारले जारी गरेको बन्दाबन्दी र निषेधाज्ञाको कारण उद्योग व्यवसाय, कल कारखाना, यातायात क्षेत्र, होटल तथा रेष्टुरेन्ट, पर्यटन, शैक्षिक क्षेत्र आदिमा रहेको रोजगारी कटौति हुँदा नेपाली श्रम बजारमा बेरोजगारको सँख्या बढेको छ । रोजगारीको कटौतिको प्रत्यक्ष प्रभाव न्यून आय भएका श्रमिक वर्ग र गरिबीको रेखा नजिक भएका जनसंख्यामा थप विपन्नता र जीवनयापनमा जोखिमता बढ्दै जाने हुन्छ । विपन्नता र जोखिमताको अवस्थामा राज्यले सामाजिक संरक्षणका क्रियाकलाप सञ्चालन एवम् न्यूनतम रोजगारीको सुनिश्चितता गर्नु पर्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारी सृजना गर्नका लागि संख्यात्मक र वित्तीय चाप बृद्धि हुने देखिन्छ ।

कोभिड-१९ ले विगतका गरिबी न्यूनिकरण तथा सामाजिक संरक्षणका उपलव्धीलाई समेत नकारात्मक असर पारेको छ । कोभिड-१९ नियन्त्रणका लागि सरकारले लगानी गर्नु पर्ने अवस्थाले नियमित आर्थिक र सामाजिक विकासका क्रियाकलापको कार्यान्वयनमा प्रभावित हुने अवस्था छ ।

यसको प्रभाव उत्पादनशील क्षेत्रमा वित्तीय लगानीको लागि श्रोत जुट्न कठिन हुने तथा कूल ग्राहस्थ उत्पादनमा राजश्व तथा सेवा क्षेत्रको योगदान कम हुने आँकलन गर्न सकिन्छ । वित्तीय र उत्पादनका क्षेत्रमा परेको प्रभावले पार्दा नेपालको रोजगार क्षेत्रको व्यवस्थापन तथा समग्र आर्थिक पुनर्उत्थानका लागि सार्वजनिक क्षेत्रले अतिरिक्त लगानी गर्नुपर्ने अवस्था सृजना भएको छ । यसै सन्दर्भमा कामका लागि पारिश्रमिकमा आधारित क्रियाकलापको सञ्चालनले रोजगारी सृजना तथा तथा नगद हस्तान्तरण हुँदा विपन्न वर्गको जीवनोपार्जनमा सहायक हुने एवम् स्थानीय तहमा नगद प्रभाव बृद्धी भई आर्थिक क्षेत्रमा चलायमान गर्न सहज हुने रहन्छ।

## १.३ वार्षिक समिक्षा

कार्यक्रमको सञ्चालनका सन्दर्भमा विश्व बैङ्क तथा एसियाली विकास बैङ्कको परामर्शदाता, राष्ट्रिय योजना आयोग र महालेखा परिक्षकको कार्यालयले गरेको अध्ययनबाट कार्यक्रम कार्यान्वयनमा देखा परेका चुनौति औल्याइएको र सुझाव प्राप्त भएको थियो। विद्यमान कानुन तथा कार्यक्रम कार्यान्वयनका लागि तय भएको कार्यविधिलाई आधार मानेर प्राप्त सुझावलाई नीतिगत तवरले कार्यान्वयन गर्न वर्तमान कार्यक्रम कार्यान्वयनका चुनौति तथा अवसरहरुको विस्तृत विश्लेषण गर्न आवश्यक देखिएको थियो । यसै सन्दर्भमा प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना बमोजिम गत आर्थिक वर्ष २०७७/०७८ मा कार्यक्रम कार्यान्वनबाट अपेक्षित नतिजाहरु प्राप्त भए नभएको तथा नीतिगत र कार्यक्रमगत सुधारको क्षेत्रको पहिचान गरी आगामी क्रियाकलाप तर्जुमा गर्न सहायक हुने गरी मन्त्रालयले वार्षिक समिक्षा कार्यक्रमको आयोजना सञ्चालन गरेको थियो ।

## १.४ वार्षिक समिक्षा कार्यक्रमको आयोजना

प्रधानमन्त्री रोजगार कार्यक्रमले आ.व. २०७७/०७८ समीक्षा तथा बजेट कार्यान्वयन अभिमूखिकरण गर्ने गरी प्रदेशगत समीक्षा मिति २०७८/०७/१५ देखि २०७८/०७/३० गते सम्म आयोजना गरेको थियो। कार्यक्रममा सहभागी हुन मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सूचना प्रकाशन गरेको तथा सम्बन्धित रोजगार संयोजकलाई इमेलबाट समेत जानकारी दिइएको

थियो । प्रदेशको श्रम तथा रोजगार विषय हेर्ने सम्बन्धित मन्त्रालयबाट कार्यक्रममा सहभागिताका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अनुरोध गरिएको थियो ।

**कार्यक्रमको मिति र स्थान**

| प्रदेश | मिति | स्थान |
|---|---|---|
| प्रदेश नं १ | २०७८/०७/१५-१६ | विराटनगर |
| प्रदेश नं २ | २०७८/०७/१५-१६ | जनकपुर |
| बागमती प्रदेश | २०७८/०७/१५-१६ | हेटौंडा |
| गण्डकी प्रदेश | २०७८/०७/२५-२६ | पोखरा |
| लुम्बिनी प्रदेश | २०७८/०७/२५-२६ | बुटवल |
| कर्णाली प्रदेश | २०७८/०७/२९-३० | सुर्खेत |
| सुदूरपश्चिम प्रदेश | २०७८/०७/२५-२६ | धनगढी |

## १.५ जिल्लाको वर्गीकरण तथा स्थानीय तहको सङ्ख्या

कोभिडको प्रभावलाई मध्यनजर गरी सामाजिक दुरी कायम गर्दै कार्यक्रम सञ्चालन गर्न एवम् समीक्षा कार्यक्रमलाई प्रभावकारी गराउन प्रत्येक प्रदेशमा रहेको स्थानीय तहको सङ्ख्या बमोजिम दुई समूहमा विभाजन गरी समूहगत समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो ।

| क्र.सं. | प्रदेश नाम | जिल्ला सङ्ख्या | समूह १ | समूह २ |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | १४ | सोलुखुम्वु, संखुवासभा, ताप्लेजुङ्ग, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, तेह्रथुम, पाँचथर | उदयपुर, सुनसरी, मोरङ्ग, झापा, ईलाम, धनकुटा |
| २ | प्रदेश नं. २ | ८ | पर्सा, बारा, रौतहट, सर्लाही | महोत्तरी, धनुषा, सिरहा, सप्तरी |
| ३ | बामगती प्रदेश | १३ | रसुवा, धादिङ्ग, नुवाकोट, दोलखा, रामेछाप, सिन्धुपाल्चोक | काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, चितवन, सिन्धुली |
| ४ | गण्डकी प्रदेश | ११ | गोरखा, लम्जुङ्ग, तनहु, पर्वत, नवलपरासी पूर्व | मनाङ्ग, मुस्ताङ्ग, कास्की, स्याङ्जा, बागलुङ्ग, म्याग्दी |
| ५ | लुम्विनी प्रदेश | १२ | नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, | रुकुम पुर्व, रोल्पा, प्युठान, अर्घाखाँची, दाङ्ग, बाँके, बर्दिया |
| ६ | कर्णाली प्रदेश | १० | हुम्ला, मुगु, डोल्पा, जुम्ला, कालिकोट | रुकुम पश्चिम, सल्यान, जाजरकोट, सुर्खेत, दैलेख |
| ७ | सुदूरपश्चिम प्रदेश | ९ | बाजुरा, बझाङ्ग, बैतडी, दार्चुला, डडेलधुरा | डोटी, कैलाली, कञ्चनपुर, अछाम |
| कूल | | ७७ | | |

| **प्रदेशको नाम** | **समूह १** | | **समूह २** | |
|---|---|---|---|---|
| | **जिल्ला सङ्ख्या** | **स्थानीय तहको संख्या** | **जिल्ला सङ्ख्या** | **स्थानीय तहको संख्या** |
| प्रदेश नं १ | ८ | ६८ | ६ | ६९ |
| प्रदेश नं २ | ४ | ६८ | ४ | ६८ |
| बागमती प्रदेश | ६ | ५९ | ७ | ६० |
| गण्डकी प्रदेश | ५ | ४४ | ६ | ४१ |
| लुम्बिनी प्रदेश | ५ | ५५ | ७ | ५४ |
| कर्णाली प्रदेश | ५ | ३६ | ५ | ४३ |
| सुदूरपश्चिम प्रदेश | ५ | ४७ | ४ | ४१ |
| जम्मा | ३८ | ३७७ | ३९ | ३७६ |

## २. कार्यक्रममा सहभागिता

प्रदेशस्तरीय वार्षिक समीक्षा कार्यक्रममा मन्त्रालय तथा मातहतका निकाय एवम् प्रदेशको सम्बन्धित मन्त्रालयबाट सहभागिता रहेको थियो । स्थानीय तहको रोजगार सेवा केन्द्रबाट रोजगार संयोजक वा निजको अनुपस्थितीमा रोजगार संयोजकको जिम्मेवारी वहन गरेका व्यक्तिको सहभागिता रहेको थियो ।


| **प्रदेश** | **मन्त्रालय** | **श्रम रोजगार कार्यालय** | **स्थानीय तहको रोजगार सेवा केन्द्र** | **अन्य सहभागी** |
|---|---|---|---|---|
| प्रदेश नं १ | ११ | | १३० | |
| प्रदेश नं २ | १२ | | १३५ | |
| बागमति प्रदेश | ११ | १ | ११९ | |
| गण्डकी प्रदेश | १८ | | ७८ | २ (सामाजिक विकास मन्त्रालयका सचिव र प्रमूख जिल्ला अधिकारी ) |
| लुम्बिनी प्रदेश | १२ | १ | १०३ | |
| कर्णाली प्रदेश | १० | १० | ७३ | |
| सुदूरपश्चिम प्रदेश | १० | २ | ८९ | १ (सामाजिक विकास मन्त्रालय) |
| **जम्मा** | ८४ | १४ | ७२७ | ३ |

मन्त्रालयबाट विभिन्न स्थानमा कूल ६२ जना कर्मचारीको परिचालन भएकोमा गण्डकी प्रदेश स्तरिय समीक्षामा माननीय मन्त्रीज्यू र प्रदेश नं. २, गण्डकी र लुम्बिनी प्रदेशमा श्रीमान् सचिवज्यूको प्रत्यक्ष सहभागिता रहेको थियो । यसै गरी प्रदेशगत समीक्षा कार्यक्रमको नेतृत्व मन्त्रालयका सहसचिव श्री डण्डुराज घिमिरे (प्रदेश नं.२, लुम्विनी र कर्णाली प्रदेश), श्री रामचन्द्र ढकाल (गण्डकी प्रदेश), श्री सुमन घिमिरे (बागमती तथा सुदूरपश्चिम प्रदेश) र श्री विनु कुँवर बज्राचार्य (प्रदेश नं. १) बाट भएको थियो । सहभागि कर्मचारीको विवरण अनुसूचि १ मा समावेश रहेको छ ।

# ३. बार्षिक समिक्षा तथा प्रतिवेदन


## ३.१ कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह

आर्थिक वर्ष २०७५/०७६ को अन्तिम चौमासिकबाट कामका लागि पारिश्रमिकमा आधारित आयोजनाको सञ्चालन गरेको प्रधानमन्त्री रोजगार कार्यक्रमले सञ्चालनको तेश्रो वर्षमा ७०९ वटा स्थानीय तहमा आयोजना सञ्चालन भएको थियो । आयोजना सञ्चालन नभएका कूल ४४ वटा स्थानीय तह मध्ये प्रदेश नं. २ का २२ वटा स्थानीय तह रहेका छन् । बाँकि २२ मध्ये प्रदेश नं. १ बाट २ वटा, बागमती प्रदेशमा ७ वटा, गण्डकी प्रदेशमा ४ वटा, लुम्बिनीमा २ वटा, कर्णालीमा ४ वटा र सुदूरपश्चिम प्रदेशमा ३ वटा स्थानीय तह रहेका छन् । आयोजना सञ्चालन नभएका अधिकांस स्थानीय तहमा रोजगार संयोजकको नियुक्ति नभएको हुँदा मन्त्रालयले उक्त स्थानीय तहलाई रोजगार संयोजकको नियुक्तिको लागि अनुरोध गर्नु पर्ने भएको छ ।




## ३.१ आयोजनाको प्रकृति तथा सङ्ख्या


आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमले कूल १६, ६५३ वटा सामुदायिक आयोजनाको कार्यान्वयन गरेको थियो । समीक्षा अवधिको आयोजनाको सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा १२,३५१ अधिक हो ।





समीक्षा अवधिमा कूल आयोजना सङ्ख्याको ४७.२% सडक यातायातको क्षेत्रमा र सामुदायिक पूर्वाधारको निर्माण तथा मर्मतमा १८.०३% आयोजना रहेका छन् । ज्यालामा मात्रै रकम विनियोजन भएको सन्दर्भमा उपरोक्त क्षेत्रमा अधिकांश आयोजना कार्यान्वयन हुनुलाई स्वाभाविक मान्न सकिन्छ ।




रोजगारी उपलव्ध गराउने सन्दर्भमा समीक्षा अवधिमा उल्लेख्य प्रगति भएको देखिन्छ । सोही अवधिको अघिल्लो वर्षमा १६ दिन औषत रोजगारी रहेकोमा समीक्षा अवधिमा ७६ दिनको औसत रोजगारी सृजना भएको छ । यस कार्यमा मन्त्रालयबाट तेश्रो चरणको रकम निकाशा ढिला हुँदा एक सय दिनको रोजगारी उपलव्ध गराउन केहि चुनौति भने देखिएको छ ।





आ.व. २०७६/०७७ को दाँजोमा आ.व. २०७७/०७८ मा महिला लाभग्राहीको संख्या ४५ प्रतिशतबाट बढेर ४८ प्रतिशत देखिन्छ । त्यस्तै गरी आ.व. २०७६/०७७ को दाँजोमा आ.व. २०७७/०७८ मा १८ देखि ४० वर्ष उमेर समूहका लाभग्राहीको संख्या ६३ प्रतिशतबाट बढेर ६५ प्रतिशत रहयो। यसबाट कार्यक्रममा महिला तथा युवा लाभग्राहीहरुको सहभागितामा अभिवृद्धी भएको देखिन्छ ।







## ३.२ प्रदेशस्तरीय विवरण


आ.व. २०७७/०७८ मा तुलनात्मक रुपमा आयोजना कार्यान्वयन गर्ने स्थानीय तह मध्ये प्रदेश नं १ बाट सबै भन्दा बढी १३५ वटा स्थानीय तहले आयोजना कार्यान्वयन गरेका थिए भने प्रदेश नं २ बाट सबै भन्दा कम ११४ स्थानीय तहले आयोजना कार्यान्वयन गरेका थिए । आयोजना कार्यान्वयन नगर्ने ४४ स्थानीय तहको सूचि अनुसूचि २ रहेका छन् ।





प्रदेश नं १ बाट सबै भन्दा बढी २९६५ वटा आयोजनाहरु कार्यान्वयन गरेका थिए भने प्रदेश नं. २ मा सबै भन्दा कम १६७२ वटा आयोजनाहरु कार्यान्वयन भएका थिए ।





आयोजनाको संख्या प्रति स्थानीय तह अनुसार सुदूरपश्चिम प्रदेशबाट सबै भन्दा बढी ३० वटा आयोजनाहरु कार्यान्वयन भएका थिए भने प्रदेश नं २ मा सबै भन्दा कम १५ वटा आयोजनाहरु कार्यान्वयन भएका थिए । यी तथ्यहरुका आधारमा भन्नु पर्दा सुदूरपश्चिम प्रदेश स्थित स्थानीय तहहरुमा सार्वजनिक पूर्वाधार मर्मत तथा सुधार सम्बन्धी कामहरु बढी भएको देखिन्छ भने प्रदेश नं २ मा कम कामहरु भएको देखिन्छ ।




कर्णाली प्रदेशका स्थानीय तहले औषतमा एक जना लाभग्राहीलाई सबै भन्दा बढी ८९ दिनको रोजगारी प्रदान गरेका थिए भने प्रदेश नं २ का स्थानीय तहले सबै भन्दा कम ६६ दिनको रोजगारी प्रदान गरेका थिए ।





आ.व. २०७७/०७८ मा महिला लाभग्राहीको संख्या सुदूरपश्चिम प्रदेशमा सबै भन्दा बढी ५६ प्रतिशत र प्रदेश नं १ मा सबै भन्दा कम ३६ प्रतिशत रहेको थियो । यी तथ्यहरुका आधारमा भन्नु पर्दा सुदूरपश्चिम प्रदेश स्थित स्थानीय तहमा बढी महिलाहरु लाभान्भित भएका थिए भने प्रदेश नं १ मा अन्य प्रदेशको तुलनामा महिलाको सहभागिता न्यून रहेको देखिन्छ ।




आ.व. २०७७/०७८ मा १८ देखि ४० वर्ष उमेर समूहका लाभग्राहीको संख्या प्रदेश नं १ र गण्डकी प्रदेशमा सबै भन्दा बढी ६६ प्रतिशत र बागमती प्रदेशमा सबै भन्दा कम ६२ प्रतिशत रहेको थियो । यी


तथ्यहरुका आधारमा भन्नु पर्दा गण्डकी प्रदेश स्थित स्थानीय तहमा बढी युवाहरु लाभान्भित भएका थिए भने बागमती प्रदेशमा कम युवाहरु लाभान्भित भएका थिए ।




## ३.४ वार्षिक वित्तिय प्रगति रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट नगर्ने स्थानीय तह

रोजगार सेवा केन्द्रले प्रत्येक सूचिकृत बेरोजगार व्यक्तिको विवरण तथा खर्चको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा नियमितरुपमा प्रविष्ट गर्नु पर्ने प्रावधान रहेता पनि आ.व. २०७७/०७८ मा १०८ वटा स्थानीय तहले EMIS मा वार्षिक वित्तिय प्रगति प्रविष्ट नगरेको पाइयो जस मध्ये सबं भन्दा बढी ४३ वटा स्थानीय तह प्रदेश नं २ का थिए भने सबै भन्दा कम ९ वटा स्थानीय तह क्रमशः प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशका थिए । यी तथ्यहरुका आधारमा भन्नु पर्दा प्रदेश नं २ का धेरै स्थानीय तहहरु EMIS मा वित्तिय तथ्याङ्क प्रविष्ट गर्ने मामलामा उदासिन रहेका थिए भने प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरु जागरुक रहेका थिए ।

EMIS मा वित्तिय प्रगति प्रविष्ट नगर्ने स्थानीय तहको सूची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।




## ४. कार्यक्रमका चुनौतिहरु

आर्थिक वर्ष २०७५/७६ देखि सञ्चालनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रमले सामाजिक संरक्षणको प्रवर्द्धन सहितको आन्तरिक रोजगारीका अवसर सृजना गर्ने लक्ष्य राखेको छ । कार्यक्रम सञ्चालनको दोश्रो वर्ष देखि नेपालमा समेत देखा परेको कोभिड-१९ को प्रभावका कारण कार्यक्रमको अधिकांस श्रोत र साधनहरु रोजगारी सृजना गर्न स्थानीय तह मार्फत कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्नमा केन्द्रित हुँदा उत्पादनशील रोजगारीको बृद्धि तथा न्यूनतम रोजगारीका क्रियाकलाप समेत प्रभावित रहेको छ । कार्यक्रमले रोजगार सेवा केन्द्रका कर्मचारीसंगको छलफल एवम् आ.व. २०७७/०७८ मा भएका गतिविधी एवम् कार्यक्रममा अन्तरनिहित समस्या तथा सवालको पहिचान गर्न समीक्षा कार्यक्रम सफल भएको छ ।

## ४.१ न्यून बजेटको विनियोजन

आर्थिक वर्ष २०७७/०७८ मा न्यूनतम रोजगार कार्यक्रममा सहभागी हुन ७,५२,४५० जना बेरोजगार व्यक्तिको सूचिकरण भएको र सो मध्ये २ लाख बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूति गरिने राष्ट्रिय लक्ष्य तोकिएको थियो ।

सूचिकृत सबै बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन करिब ३९ अर्बको बजेट आवश्यकता रहने सन्दर्भमा बेरोजगार व्यक्तिको प्राथमिकिकरण गरिनु पर्ने र स्थानीय तहमा बेरोजगार व्यक्तिको सामाजिक र आर्थिक अवस्थामा खासै भिन्नता नहुने र समान अवस्थाको अर्को बेरोजगारले रोजगारी नपाउने अवस्था सृजना भएको थियो । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ८ को उपदफा (१) बमोजिम बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रमको सञ्चालन गर्ने सम्बन्धमा अधिकांस प्रदेश सरकार र स्थानीय तहले अतिरिक्त श्रोत र साधनको परिचालन नहुँदा न्यूनतम रोजगार कार्यक्रमको कार्यान्वयन सङ्घीय सरकारको मात्रै जिम्मेवारी जस्तो अवस्था बनेको छ। रोजगारी र सामाजिक संरक्षणका क्रियाकलापहरु तीनै तहको सामुहिक जिम्मेवारी रहेको अवस्थामा सबै तहको सरकारको जिम्मेवारी महत्वपूर्ण रहेको अवस्थामा तीनै तहका सरकारहरु बीच थप समन्वय र सहकार्य आवश्यक देखिएको छ ।

## ४.२ स्थानीय तहको अपनत्वमा न्यूनतम

रोजगारी सृजना अन्तरसम्बन्धित विषय भएको र रोजगारी सृजनाका लागि अन्तर तह र अन्तरनिकाय विच समन्वय र सहकार्य स्थापना हुन नसकेको विषयलाई समीक्षा कार्यक्रममा समेत छलफल भई आगामी रणनीति तय गर्ने विषयमा मन्त्रालयले नेतृत्व लिनु पर्ने देखिएको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिमको रोजगारमूलक क्रियाकलाप सञ्चालन गर्न तथा रोजगारीको हकको कार्यान्वयनमा स्थानीय तहको अपनत्व न्यून हुँदा स्थानीय तहको जनप्रतिनिधी, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत समेतलाई ऐन, नियमावली तथा निर्देशिकाको प्रावधानका सम्बन्धमा अभिमूखिकरण गर्न आवश्यक देखिएको छ ।

## ४.३ बेरोजगार व्यक्तिको प्राथमिकिकरण

रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ बमोजिम न्यूनतम रोजगारीमा संलग्न हुने व्यक्ति एक सय दिनको रोजगारी नपाएको वा न्यूनतम ज्याला दरको एक सय दिन बराबरको रोजगारी तथा स्वरोजगारीबाट प्राप्त रकम बराबरको आम्दानी नगर्ने व्यक्ति बेरोजगार हुने भनिए तापनि आवेदनको छानविन नहुँदा अधिकांस आवेदकहरु बेरोजगार व्यक्तिको सूचिमा प्रविष्ट भएको अवस्था छ । सम्बन्धित वडा कार्यालयबाट छानविन नभई सबै व्यक्तिलाई सूचिकरण प्रक्रियामा लगिएको कारणले उपलव्ध रोजगारीका अवसरमा ठुलो सङ्ख्यामा बेरोजगार व्यक्ति परिचालन हुन खोज्ने अवस्था सृजना भएको छ ।

कार्यक्रमले बेरोजगार व्यक्ति सूचि निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६ जारी गरी तदनुरुपको प्राथमिकिकरण निर्धारण हुँदा बेरोजगार व्यक्तिले दिएको आवेदनमा पूर्ण विवरण पेश नगर्दा वा स्थानीय तहले आवेदको विवरणलाई छानविन नगरेको अवस्थामा आवेदनमा उल्लेख भएको विवरण बमोजिम नै प्राथमिकताक्रम निर्धारण भएको अवस्था छ । यस कार्यलाई सुधार्न रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्तिको प्राथमिकताक्रमको विवरण सम्बन्धित वडा कार्यालयमा पठाइ प्राथमिकताक्रम निर्धारण गरिएको देखिन्छ । कार्यक्रमले तोकेको प्राथमिकताक्रम बमोजिम रोजगारीमा संलग्न नगराउदा रोजगारीमा संलग्न गराउन राजनीतिक हस्तक्षेप भएको भन्ने व्यहोराको गुनासो समेत प्राप्त भएको अवस्थामा स्थानीय तहलाई यस विषय उपर अभिमूखिकरण गर्न आवश्यक देखिएको छ।

## ४.४ कामका लागि पारिश्रमिक आयोजनामा लागत साझेदारी र रोजगारीका क्षेत्रहरु

आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमबाट साविकको ज्याला दररेटमा परिमार्जन तथा निर्माण सामग्री लगायतको प्रावधानमा कटौति हुँदा सो को प्रभाव आयोजना कार्यान्वयमा प्रत्यक्ष प्रभाव परेको थियो। आयोजना सञ्चालनका लागि आवश्यक पर्ने दक्ष कामदार, हाते औजार तथा निर्माण सामग्रीका लागि स्थानीय तहले साझेदारी गर्नु पर्ने अवस्था आएको र आयोजना कार्यान्वयनमा उक्त रकम ठुलो हुँदा स्थानीय तहले साझेदारी गर्न अनिक्षा देखाएको देखिन्छ । केहि स्थानीय तह वाहेक अन्यमा निर्माण सामग्रीको साझेदारी हुन नसक्दा अधिकांस आयोजनाको गुणस्तर तथा दीगोपनामा प्रश्न उठेको अवस्था रहेको छ ।

कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन सम्बन्धमा निर्देशिकाको दफा ७० मा भएको उल्लेख भएको रोजगारी सृजना गर्ने क्षेत्रहरु अधिकांस सामुदायिक पूर्वाधार निर्माणका विषयमा सिमित भएको अवस्थामा आर्थिक रुपले सक्षम स्थानीय तहहरुमा सामुदायिक पूर्वाधार निर्माण भई सकेको अवस्थामा उक्त स्थानलाई ध्यानमा समेत राखेर थप क्षेत्रहरुको पहिचान वा अन्य रोजगारमूलक सेवा प्रवाहका क्रियाकलाप सञ्चालन गर्ने विषयमा थप छलफल गर्नु पर्ने देखिएको छ ।

## ४.४ न्यूनतम ज्यालालाई राष्ट्रिय ज्याला दर निर्धारण गरिएको सम्बन्धमा

स्थानीय सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानुन बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएको र उक्त न्यूनतम पारिश्रमिक श्रम ऐन, २०७४ को दफा १०६ ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्धारण गरेको न्यूनतम ज्याला दर भन्दा न्यून नहुने गरी निर्धारण गरिनु पर्ने कानुनी आधार रहेको छ । स्थानीय तहले स्थानीय तहमा जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम रकमका आधारमा मन्त्रालयले तोकेको ज्याला दर भन्दा अधिक हुन सक्ने अवस्था रहन्छ । आर्थिक वर्ष २०७७/०७८ सशर्त अनुदान हस्तान्तरण गर्दा राष्ट्रिय स्तरमै रु. ५१७ मात्रै भुक्तानी हुने गरी ज्याला दर निर्धारण गरिएको कारण अधिकांस नगरपालिका, उच्च पहाडी तथा हिमाली क्षेत्र श्रमिकले सामान्य जीवनपान गर्न समेत कठिन भएको सुझाव प्राप्त भएको छ ।

सञ्चालनको तेश्रो वर्ष आ.व. २०७७/०७८ मा कार्यक्रमबाट स्थानीय तहमा उपलब्ध हुने सशर्त अनुदानको रकम परिचालनमा ज्यालाको दर राष्ट्रिय रुपमा रु. ५१७ हुनु पर्ने तथा अनुदान रकम ज्यालामा मात्र खर्च गर्नु पर्ने नीतिगत निर्णय हुँदा कार्यक्रम कार्यान्वयन प्रभावित बनेको थियो । न्यूनतम रोजगारी सृजना गर्ने क्रियाकलाप तथा विपन्न वर्गलाई नगद हस्तान्तरण हुने क्रियाकलाप / कार्यक्रमले सामाजिक संरक्षणको सिद्धान्त विपरित ज्याला दर निर्धारण गर्न नहुने सुझाव प्राप्त भएको छ ।

## ४.५ उत्पादनशील पूर्वाधारको निर्माण

श्रममूलक प्रविधिको प्रयोग गरी ज्यालाको रकममा बृद्धी गरी सो बाट सृजना हुने रोजगारीमा बेरोजगार व्यक्तिलाई परिचालन गर्ने र अनावश्यक मेसिनको प्रयोग नहुँदा वातावरण संरक्षणमा समेत योगदान पुग्ने अन्तर्राष्ट्रिय प्रचलन बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यविधि तय भएको छ ।

श्रममूलक प्रविधिमा समेत यथोचित रुपमा निर्माण सामग्रीको प्रयोग हुनु पर्ने आवश्यकता विपरित निर्देशिकाको प्रावधानलाई परिमार्जन गरी कार्यक्रमबाट उपलव्ध भएको रकम अदक्ष कामदारको ज्यालामा मात्रै प्रयोग हुने व्यवस्थाले कार्यक्रमले नयाँ निर्माण गरेको वा मर्मत गरेको पूर्वाधारको गुणस्तरमा प्रश्न चिन्ह उठेको अवस्था छ ।

समुदायको सामाजिक र आर्थिक उन्नतीमा प्रत्यक्ष सघाउ पुऱ्याउने पूर्वाधारको निर्माण गर्ने र उक्त आयोजनाको लाभ समेत विपन्न बेरोजगार व्यक्तिले पाउने व्यवस्था मिलाउनु पर्ने गरी कामका लागि पारिश्रमिक आयोजना सञ्चालन हुनु पर्नेमा उपयोगी सामाजिक सञ्जाल (Productive Safety-net) को सिद्धान्त विपरित पूर्वाधारको निर्माण नभएको विषयमा समीक्षा कार्यक्रममा छलफल गरिएको थियो । समिक्षा कार्यक्रमले प्रधानमन्त्री रोजगार कार्यक्रम उपयोग सामाजिक सञ्जालको सिद्धान्त बमोजिम सञ्चालनका लागि आवश्यक नीतिगत परिमार्जन गर्न सुझाव प्राप्त भएको छ ।

## ४.६ बेरोजगार व्यक्तिको परिभाषा र प्राथमिकिकरण

प्रधानमन्त्री रोजगार कार्यक्रमले हाल सम्म ऐन तथा नियमावली "न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको वा निवेदन दिदाको मिति सम्म सोही आर्थिक वर्षमा न्यूनतम पारिश्रमिक दर अनुसार एक सय दिनको रोजगारीबाट प्राप्त हुने रकम बराबरको आम्दानी नभएको" व्यक्तिहरु मात्रैलाई समेट्न सकेको छ । परिभाषाले स्पष्टरुपमा व्यक्तिले चालु आर्थिक वर्षको सन्दर्भमा रु. ५७,७०० बराबरको रोजगारी वा स्वरोजगारीबाट आम्दानी नभएको अवस्थामा बेरोजगार व्यक्ति संलग्न हुने अवस्था देखिन्छ । परिभाषा बमोजिम तोकिएको शर्त पुरा गरेको व्यक्ति बेरोजगार व्यक्तिमा सूचिकरण योग्य हुने भएकोले कार्यक्रमबाट जारी भएको सूचिकरण तथा प्राथमिकिकरण मार्गदर्शनले विपन्न र जीवनयापनमा कष्ट व्यहोरेका व्यक्तिलाई प्राथमिकिकरण गर्ने व्यवस्था रहेको छ ।

संविधानको धारा ३३ को उपधारा (१) बमोजिम रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायतता सङ्घीय कानुन बमोजिम हुने भनिएको र यसलाई व्यवस्था गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिको परिभाषाले न्यूनतम रोजगारीका सम्बन्धमा मात्रै लागू हुने अवस्थामा प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारी प्रत्याभूति गर्ने कार्यक्रम जस्तै बनेको अवस्था छ ।

तथापि, निर्देशिकाको प्रस्तावनामा रहेको "मुलुक भित्र रोजगारीको पर्याप्त अवसर सृजना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्ने" सम्बन्धमा निर्देशिकाका प्रावधान समेत संकिर्ण रहेको अवस्था छ। आन्तरिक रोजगारीको प्रवर्द्धनकारी रणनीति तय गरी तदनुरुपको कार्यनीति तय गर्न समेत वर्तमान निर्देशिकाको प्रावधानलाई न्यूनतम रोजगारीको प्रत्याभूति सहितको श्रम बजारको नीति बमोजिम संशोधन गर्न आवश्यक देखिएको सुझाव प्राप्त भएको छ ।

## ४.७ उत्पादनशील रोजगारी सृजना

प्रधानमन्त्री रोजगार कार्यक्रमले कोभिड-१९ महामारीका कारण श्रम बजारको नीति बमोजिमका क्रियाकलाप सञ्चालन गर्न कठिनाई भोग्नु परे पनि उपलव्ध बजेटको आधारमा ऐनले निर्दिष्ट गरेको न्यूनतम रोजगारीका क्रियाकलापलाई सञ्चालनलाई जारी राखेको छ । निर्वाह भत्ता सहित वा क्षतिपूर्ति सहित विपन्न बेरोजगार व्यक्तिलाई सामाजिक संरक्षण उपलव्ध गराई जीवन निर्वाहमा सहजिकरण गर्न उद्देश्य राखि कार्यक्रम सञ्चालन भएको अवस्थामा उत्पादनशील रोजगारी सृजनाको विषय चालु कार्यनीतिले सम्वोधन गर्न आवश्यक देखिएको छैन । तर, वैदेशिक ऋण सहित राज्यको श्रोत तथा साधन प्रयोग गरिएको हुनाले उत्पादनशील रोजगारी सृजना हुनु पर्नेमा आम जनचासो रहि आएको छ । अल्पकालिन रोजगारी सृजनामा सिमित हुन हुँदा कार्यक्रम प्रतिको अधिकांस आलोचनाहरु यसै विषय उपर रहि आएको सन्दर्भमा आगामी दीर्घकालीन रणनीति तथा कार्यनीति तय गर्दा सीप विकास, श्रम बजारमा पहुँच स्थापना गर्ने एवम् रोजगारमूलक सेवाको विस्तार आदिमा ध्यान दिन आवश्यक देखिएको छ ।

## ४.७ रोजगार सेवा केन्द्रको क्षमता विकास तथा विस्तार

रोजगारी सृजना जटिल तथा अन्तरसम्बन्धित विषय भएकोले यस कार्यमा निजी क्षेत्र, सार्वजनिक क्षेत्र तथा सहकारी लगायतको प्रयास आवश्यक रहन्छ । रोजगारी सृजना गरिबी न्यूनिकरण तथा मर्यादित रोजगारीको विषयबाट समेत हेरिनु पर्ने विषय भएकोले यसका लागि सामुहिक प्रयास आवश्यक देखिन्छ।

रोजगारीको हक कार्यान्वयनका लागि स्थानीय तहमा सञ्चालनमा आएका रोजगार सेवा केन्द्रको उचित स्तरोन्तती तथा क्षमता विकासका क्रियाकलाप गरिनु पर्ने विषय समीक्षा कार्यक्रममा उठान गरिएको थियो। रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि रोजगार सेवा केन्द्रका कर्मचारीले यथोचित मार्गदर्शन प्राप्त नगरेको वा मन्त्रालयमा सम्पर्क गर्न कठिन भएको विषयलाई समेत कार्यक्रमले सम्वोधन गर्न आवश्यक देखिएको छ ।

### ४.८ रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग

मिति २०७६/११/०१ देखि सञ्चालनमा आएको रोजगार व्यस्थापन सूचना प्रणालीको क्रमागत विकास गर्ने र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तरगत विकास हुन लागेको राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरी समग्र रोजगार विनिमय सेवा सहितको प्रावधान राख्ने व्यवस्था रहेको छ । नयाँ प्रणालीको निर्माणमा समय लाग्ने देखिएकोले चालु रोजगार व्यवस्थापन प्रणालीलाई थप स्तरोन्तती गर्न आवश्यक देखिएको छ ।

रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत बेरोजगार र रोजगारीको विवरण प्रविष्ट गर्न विभिन्न कठिनाई रहेको र उक्त प्रणालीको सञ्चालन गर्ने सम्बन्धमा थप अभिमूखिकरण गरिनु पर्ने विषय उठान भएका थिए। रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीलाई प्रणाली सञ्चालनका लागि आ.व. २०७७/०७८ मा अनलाईन प्रविधि मार्फत तालिम सञ्चालन गरिएको तर उक्त तालिम प्रभावकारी नभएको गुनासो समेत प्राप्त भएको थियो। यसका अतिरिक्त नयाँ नियुक्त कर्मचारीलाई अभिमूखिकरण गर्न तथा प्रणाली सञ्चालनका क्रममा पर्ने समस्याको समाधानका लागि प्रणालीको सञ्चालनका लागि नियमित रुपमै छलफल गरिनु पर्ने विषय उठान भएका थिए ।

## ५. कार्यक्रमगत र नीतिगत परिमार्जनका लागि सुझाव

प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०७८/०७८ को वार्षिक समीक्षा कार्यक्रमले सम्बन्धित समस्या तथा चुनौतिलाई सम्वोधन गर्न देहायका सुझाव प्राप्त भएका छन् :

### ५.१ ज्याला दर तथा निर्माण सामग्रीको प्रावधानमा परिमार्जन

न्यूनतम रोजगारी प्रत्याभूति गर्ने सामाजिक संरक्षणका कार्यक्रममा ज्यालाको दर स्थानीय तहमा परिवारको जीवन निर्वाह गर्न सहज हुने गरी निर्धारण गर्न जरुरी देखिन्छ । मन्त्रालयले निर्देशिकाको दफा २७ को उपदफा (१) मा परिमार्जन गरी न्यूनतम जीवनयापनका लागि आवश्यक पर्ने रकमको आधारमा निर्धारण गरिनु आवश्यक देखिन्छ ।

यसका अतिरिक्त कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा उचित गुणस्तर कायम गर्न निर्माण सामग्रीको आवश्यकता पर्ने हुनाले हालको निर्देशिकाको दफा ६८ मा रहेको प्रावधानलाई परिमार्जन गरी अन्तर्राष्ट्रिय प्रचलन बमोजिम निर्माण सामग्रीको खरिदको लागि रकम विनियोजन गर्न सकिने व्यवस्था राख्न आवश्यक देखिएको छ ।

## ५.२ श्रम बजारको नीति बमोजिमको रोजगार कार्यक्रम तथा सेवा केन्द्रको सञ्चालन

पन्ध्रौं योजनाले रोजगारी सृजना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरणको गठन गरी श्रम बजारमा आवश्यक रहेको जनशक्तिको आपूर्ति गर्ने उद्देश्य राखिएको तर उक्त प्राधिकरणको सट्टामा मन्त्रालयमा आन्तरिक रोजगार व्यवस्थापनको महाशाखाको गठन एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक रोजगार प्रवर्द्धनमा समेतमा परिचालन गर्ने उद्देश्य राखिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. २०७५/७६ देखि अधिकांस न्यूनतम रोजगारीको प्रत्याभूतिका लागि कामका लागि पारिश्रमिकमा आधारित क्रियाकलाप सञ्चालन गरी रोजगारी सृजना गरेको र रोजगारी प्राप्त नगर्ने बेरोजगार व्यक्तिबाट कार्यक्रमको व्यापक आलोचना हुने गरेको देखिन्छ । नेपालमा रहेका बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउनका लागि आवश्यक सीप तथा क्षमता विकास, रोजगारीको खोजिमा रहेका बेरोजगार व्यक्तिलाई सहायता प्रदान गर्ने, रोजगारी तथा स्वरोजगारीमा संलग्न हुन प्रोत्साहन तथा परामर्श सेवा उपलव्ध गराउने तथा रोजगारी वा स्वरोजगारीमा संलग्न गराउन नसकिएको अवस्थामा रोजगारी सृजना गरी राज्यले रोजगारी उपलव्ध गराउने गरी श्रम बजारको माग र आवश्यकतालाई सम्वोधन गर्न आवश्यक देखिएको छ । रोजगारीको हक सम्बन्धी नियमावलीको नियम ६ तथा निर्देशिकाको दफा ४४ ले श्रम बजारको नीतिलाई सहयोग गर्ने गरी काम, कर्तव्य र अधिकार तोके पनि रोजगार सेवा केन्द्रको क्षमता विस्तार हुन नसकेको कारण उक्त केन्द्रले प्रभावकारी रुपमा कार्य गर्न नसकेको अवस्था कायम छ।

यसै सन्दर्भमा रोजगार सेवा केन्द्रलाई स्थानीय तहको न्यूनतम रोजगारीको प्रत्याभूति सहितको स्थायी रोजगार विनिमय केन्द्रको रुपमा सञ्चालन गर्न देहायको श्रम बजारसंग सम्बन्धित नीतिका क्रियाकलाप समेत समावेश गरी रोजगार कार्यक्रम सञ्चालन गर्न वाञ्छनिय देखिएको छ :

| क्रियाकलाप | उपलव्धी | नतिजा |
|---|---|---|
| रोजगार विनिमय सेवा<br>• बेरोजगारलाई रोजगारीको खोजिमा सहायता र रोजगारीमा पदस्थापना<br>• बेरोजगार व्यक्ति र रोजगारदाता विच समन्वय स्थापना<br>• विपन्न र जोखिमपूर्ण जीवनयापन गरेका व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिने<br>• रोजगारदाताको माग बमोजिमको सीप तथा क्षमता विकास गरी बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउने। | • रोजगार विनिमय सेवामा सुधार<br>• बेरोजगारी दरमा सुधार | श्रम बजारको नतिजामा सुधार |
| परामर्श तथा सहायता<br>• श्रम बजारको माग र आपूर्तिका सम्बन्धमा क्षमता विकासका लागि सहायता र परामर्श प्रदान गर्ने<br>• रोजगारीको खोजीमा सहायता प्रदान गर्ने<br>• शैक्षिक र सीप विकास सम्बन्धी परामर्श उपलव्ध गराउने | • श्रम बजारको माग र आपूर्ति बमोजिम रोजगारी तथा स्वरोजगारीमा सहभागिता बढेको हुने । | ऐ ऐ |
| आर्थिक र प्राविधिक सहायता<br>• सहुलियतपूर्ण ऋण तथा प्राविधिक सहायताको जानकारी उपलव्ध गराउने<br>• आर्थिक र प्राविधिक सहायता प्राप्त गर्ने हेतुले आवश्यक सहायता प्रदान गर्ने<br>• रोजगारी तथा स्वरोजगारीका अवसरहरुमा सहभागी हुन प्रेरित गर्ने । | • स्वरोजगारमूलक क्रियाकलापमा संलग्न हुन प्रोत्साहन<br>• रोजगारीको अवसरको खोजी गर्न सक्षम भएको हुने । | रोजगारमूलक सेवा तथा सुविधाको विस्तार भएको हुने।<br><br>आर्थिक क्षेत्रको विस्तारमा योगदान |

श्रम बजारको नीतिको कार्यान्वयन सामाजिक र आर्थिक अवसर प्राप्त हुन सक्ने स्थानमा अधिक सान्दर्भिक हुने भएकोले हाल कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन हुन कठिन भएका तथा आर्थिक अवसर रहेको नगर तथा आर्थिक केन्द्रमा सञ्चालन गर्नु पर्ने अवस्था छ ।

यस कार्यका लागि नगर तथा आर्थिक केन्द्रका केहि स्थानीय तहमा नमूना रोजगार सेवा केन्द्रको सञ्चालन गरी आवश्यकता बमोजिम अन्य स्थानीय तहमा क्रमशः विस्तार गर्न सान्दर्भिक देखिन्छ । यस कार्यका लागि देहायका क्रियाकलाप गर्न वाञ्छनिय देखिएको छः

(क) नमूना रोजगार सेवा केन्द्रबाट प्रवाह हुने सेवा तथा सुविधाको अवधारणा तथा कार्यविधिको निर्माण
(ख) नमूना सेवा केन्द्र रहेको स्थानीय तहमा एकिकृत रोजगारमूलक सेवा प्रवाह गर्न आवश्यक क्षमता तथा भौतिक पूर्वाधारको विकास
(ग) श्रम बजारको माग र आपूर्ति लगायत सीप तथा क्षमताको अन्तरविश्लेषण ।
(घ) स्थानीय तहको सक्रिय सहभागिता
(ङ) रोजगारदाता र सरकार बीच यथोचित तादम्यता ।

प्रारम्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतमा रहेका कार्यक्रम तथा क्रियाकलापलाई एकिकृत सेवा प्रवाहमा लग्न वाञ्छनिय रहन्छ । यसका लागि कार्यक्रमले सबै सरोकारवालासंग परामर्श गरी नमूना रोजगार सेवा केन्द्र परिचालनका लागि आवश्यक प्रवन्ध मिलाउन आवश्यक देखिन्छ ।

## ५.३ स्थानीय तहसंग नियमित र आवधिक परामर्श तथा अभिमूखिकरण

रोजगारमूलक सेवा तथा सुविधाको प्रवाहमा स्थानीय तहको सक्रिय सहभागिता आवश्यक रहने सन्दर्भमा मन्त्रालयले स्थानीय तहसंग नियमित र आवधिक परामर्श गर्न आवश्यक देखिन्छ । यस कार्यका लागि मन्त्रालयले देहायका कार्य गर्नु पर्ने देखिएको छः

**(क) रोजगार सेवा केन्द्रको प्रभावकारी सञ्चालनका सम्बन्धमा :** समीक्षा कार्यक्रमले रोजगार सेवा केन्द्रको प्रभावकारी सञ्चालनका लागि नियमितरुपमा छलफल र आवश्यक परेको राय परामर्श लिन कठिन भएको विषय उपर मन्त्रालयले नियमितरुपमा रोजगार सेवा केन्द्रका कर्मचारीसंग अन्तरक्रिया गर्न आवश्यक देखिएको छ । यस कार्यका लागि कार्यक्रमले पाक्षिक रुपमा अनलाईन प्रविधि मार्फत छलफल गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने देखिएको छ । यसका अतिरिक्त रोजगार व्यवस्थापन सूचना प्रणालीको सञ्चालनका लागि क्षमता विकास गर्न एवम् सञ्चालनका क्रममा देखा परेका द्विविधा हटाउन वा स्थानीय तहलाई सहजिकरण गर्न पाक्षिक रुपमा अनलाईन तालिमको समेत व्यवस्था मिलाउन आवश्यक देखिएको छ ।

यसरी पाक्षिक र नियमित रुपमा अनलाईन प्रविधिबाट अन्तरक्रिया गर्दा कार्यक्रम सञ्चालनका अधिकांस चुनौतिहरु समाधान गर्न सहज हुने अपेक्षा लिइएको छ ।

(ख) **स्थानीय तहको जनप्रतिनिधी र प्रमुख कर्मचारीलाई अभिमूखिकरणः** कार्यक्रम र रोजगारमूलक सेवा तथा सुविधा प्रवाहमा स्थानीय तहको अपनत्व अभिबृद्धी गर्न एवम् कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउन स्थानीय तहको जनप्रतिनिधी एवम् आर्थिक र प्रशासकीय जिम्मेवारी वोकेका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई कार्यक्रम कार्यान्वयनका सम्बन्धमा जानकारी दिन आवश्यक देखिएको छ । यसका लागि कार्यक्रमले प्रदेशगतरुपमा अभिमूखिकरण र क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्न सकिने छ ।

## ५.४ नीतिगत परिमार्जनका लागि तदारुकता

कार्यक्रमको अवयव अन्तरगत रहेको अन्तरतह र अन्तर निकाय समन्वय स्थापना गरी एकिकृत रोजगारमूलक सेवा प्रवाहका लागि मन्त्रालयले अन्तरतह र अन्तर निकाय समन्वय स्थापना गर्न आवश्यक देखिएको छ। सञ्चालनको प्रथम वर्षमा यस कार्यमा केहि प्रगति भए तापनि दोश्रो वर्ष देखि कोभिड-१९ का कारण जारी निषेधाज्ञा र कोभिडको प्रभावका कारण प्रगति न्यून हुन गएको देखिन्छ । मन्त्रालयले एकिकृत रोजगारमूलक सेवा प्रवाह गर्न गराउन देहायका क्रियाकलाप गर्न आवश्यक देखिएको छः

(क) मन्त्रालय मातहत रहेको अन्तरमन्त्रालय समन्वय समितिको नियमित र आवधिक बैठक गरी रोजगारमूलक सेवा प्रवाहमा सरलिकरण र सहजिकरण गर्ने गराउने

(ख) निर्देशिकाको दफा ४७ बमोजिमको रोजगार सम्वाद मञ्च सञ्चालनका सम्बन्धमा मन्त्रालयले आवश्यक कार्यविधि तय गरी आवश्यक बजेटको व्यवस्था मिलाउने ।

(ग) प्रधानमन्त्री रोजगार कार्यक्रमको मध्यावधिक मूल्याङ्कन तथा सरोकारवालाको सुझाव बमोजिम कार्यक्रमको दीर्घकालीन रणनीति र कार्यनीति तय गरी तदनुरुप कार्यक्रममा परिमार्जन गर्ने ।

(घ) रोजगारमूलक सेवा तथा सुविधा प्रवाहलाई एकिकृत गरी सेवा प्रवाह गर्न एवम् श्रम बजारको माग र आपूर्ति बमोजिमको सेवा प्रवाह गर्न सक्ने गरी सबै तह र निकायलाई आवश्यक समन्वय हुने व्यवस्था मिलाउने ।

(ङ) आन्तरिक रोजगार प्रवर्द्धनका लागि आवश्यक श्रमको सम्मान राष्ट्रको अभियान लगायत प्रभावकारी श्रम बजारको नीति कार्यान्वयनका लागि निजी, सहकारी तथा सार्वजनिक निकायको सहभागिता सुनिश्चितता गर्ने गराउने ।

# अनुसूची १: मन्त्रालयबाट सहभागिता

| क्र.स. | नाम थर | पद | कार्यक्रम स्थल |
|---|---|---|---|
| १. | श्री कृष्ण कुमार श्रेष्ठ | माननीय मन्त्री | पोखरा |
| २. | श्री सूर्य प्रसाद गौतम | सचिव | जनकपुर, पोखरा, बुटवल |
| ३. | श्री डण्डुराज घिमिरे | सहसचिव | जनकपुर, बुटवल, सुर्खेत |
| ४. | श्री सुमन घिमिरे | सहसचिव | हेटौडा, धनगढी |
| ५. | श्री रामचन्द्र ढकाल | सहसचिव | पोखरा |
| ६. | श्री विनु वज्रचार्य कुँवर | सहसचिव | विराटनगर |
| ७. | श्री पुरुषोत्तम अधिकारी | उपसचिव | धनगढी |
| ८. | श्री भोलानाथ गुँरागाई | उपसचिव | विराटनगर |
| ९. | श्री मधु पोखरेल | उपसचिव (लेखा) | विराटनगर, सुर्खेत |
| १०. | श्री लोकनाथ भुसाल | उपसचिव | जनकपुर, बुटवल |
| ११. | श्री शोभा कुमारी पोखरेल | उपसचिव | हेटौडा, धनगढी |
| १२. | श्री दिपेन्द्र पौडेल | उपसचिव | पोखरा |
| १३. | श्री केशव सुवेदी | उपसचिव | पोखरा |
| १४. | श्री देवेन्द्र कार्की | उपसचिव | जनकपुर |
| १५. | श्री कृष्ण प्रसाद शर्मा | उपसचिव | पोखरा |
| १६. | श्री भोजराज घिमिरे | उपसचिव | सुर्खेत |
| १७. | श्री भिम बहादुर शाही | शाखा अधिकृत | सुर्खेत |
| १८. | श्री किसान न्यौपाने | शाखा अधिकृत | जनकपुर |
| १९. | श्री दिपेन्द्र रेग्मी | शाखा अधिकृत | पोखरा |
| २०. | श्री दिलिप खड्का | शाखा अधिकृत | बुटवल |
| २१. | श्री उषा थपलिया (पाण्डे) | शाखा अधिकृत | धनगढी, सुर्खेत, हेटौडा |
| २२. | श्री कृष्ण पौडेल | शाखा अधिकृत | बुटवल, विराटनगर |
| २३. | श्री युवराज आचार्य | शाखा अधिकृत | विराटनगर |
| २४. | श्री हरिकृष्ण बुढाथोकी | शाखा अधिकृत | धनगढी, हेटौडा |

| क्र.स. | नाम थर | पद | कार्यक्रम स्थल |
|---|---|---|---|
| २५. | श्री इन्दु शर्मा निरौला | शाखा अधिकृत | सुर्खेत, हेटौडा |
| २६. | श्री राजन साह तेली | कम्प्युटर ईन्जिनियर | जनकपुर |
| २७. | श्री युबराज बस्नेत | रोजगार विज्ञ | जनकपुर र बुटवल |
| २८. | श्री महेश पोखरेल | खरिद विज्ञ | पोखरा र विराटनगर |
| २९. | श्री बसन श्रेष्ठ | अनुगमन तथा मूल्याङ्कन विज्ञ | हेटौडा र धनगढी |
| ३०. | श्री हरीप्रसाद फुयाँल | वित्तीय व्यवस्थापन विज्ञ | विराटनगर |
| ३१. | श्री सुदन प्रजापती | सूचना प्रविधी अधिकृत | पोखरा |
| ३२. | श्री सुभाषचन्द्र प्याकुरेल | ले.पा. | जनकपुर |
| ३३. | श्री रोसुना कोइराला | ले.पा | धनगढी, विराटनगर |
| ३४. | श्री सुभाष प्रसाद निरौला | नायब सुब्बा | पोखरा, विराटनगर |
| ३५. | श्री सिताराम चम्लागाईं | नायब सुब्बा | हेटौडा |
| ३६. | श्री सुनिता अधिकारी | खरिदार | बुटवल |
| ३७. | श्री नरेश गुरुङ्ग | क.अ | बुटवल |
| ३८. | श्री सरिता ब्यञ्जनकार | क.अ | सुर्खेत, हेटौडा |
| ३९. | श्री रिता पराजुली | क.अ | जनकपुर, धनगढी |
| ४०. | श्री सुनिता रिसाल | क.अ | जनकपुर |
| ४१. | श्री दुर्गा प्रसाद के.सी. | क.अ | हेटौडा |
| ४२. | श्री पार्वती दुलाल | का. स. | विराटनगर |
| ४३. | श्री मनोजराज दहाल | का. स. | विराटनगर |
| ४४. | श्री नानीमैया थापा | का.स | बुटवल |
| ४५. | श्री पवन कुमारी यादव | का.स | बुटवल |
| ४६. | श्री राजेन्द्र श्रेष्ठ | का.स | पोखरा |
| ४७. | श्री मुना कार्की | का.स | पोखरा |
| ४८. | श्री लक्ष्मी भट्ट | का.स | पोखरा |
| ४९. | श्री रिकेश खड्का | का.स | सुर्खेत |
| ५०. | श्री गंगा कपाली | का.स | धनगढी |
| ५१. | श्री गौरी चालिसे | का.स | हेटौडा |
| ५२. | श्री मञ्जु श्रेष्ठ | का.स | हेटौडा |
| ५३. | श्री नारायण कृष्ण महर्जन | ह.स.चा. | जनकपुर, बुटवल |
| ५४. | श्री कुमार बरुवाल | ह.स.चा. | बुटवल |

| क्र.स. | नाम थर | पद | कार्यक्रम स्थल |
|---|---|---|---|
| ५५. | श्री राजु मानन्धर | ह.स.चा. | बुटवल |
| ५६. | श्री वलराम मानन्धर | ह.स.चा. | विराटनगर |
| ५७. | श्री राजकुमार माली | ह.स.चा. | पोखरा |
| ५८. | श्री चोलक ब.महत | ह.स.चा. | धनगढी |
| ५९. | श्री विष्णु पोखरेल | ह.स.चा. | हेटौंडा |
| ६०. | श्री जगत खड्का | स्वकीय सचिव | पोखरा |
| ६१. | श्री सुधिर तामाङ | P S O | पोखरा |
| ६२. | श्री खिलप्रसाद पौडेल | P S O | पोखरा |

# अनुसूची २: आयोजना कार्यान्वयन नभएका स्थानीय तहको सूची

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| प्रदेश नं. १ | | |
| १. | इलाम | फाकफोकथुम गाउँपालिका |
| २. | सुनसरी | हरिनगरा गाउँपालिका |
| प्रदेश नं. २ | | |
| ३. | सप्तरी | डाक्नेश्वरी नगरपालिका |
| ४. | सप्तरी | महादेवा गाउँपालिका |
| ५. | सप्तरी | छिन्नमस्ता गाउँपालिका |
| ६. | सिराहा | अर्नमा गाउँपालिका |
| ७. | सिराहा | नवराजपुर गाउँपालिका |
| ८. | धनुषा | गणेशमान चारनाथ नगरपालिका |
| ९. | धनुषा | धनुषाधाम नगरपालिका |
| १०. | धनुषा | मिथिला नगरपालिका |
| ११. | धनुषा | बटेश्वर गाउँपालिका |
| १२. | धनुषा | सबैला नगरपालिका |
| १३. | धनुषा | शहीदनगर नगरपालिका |
| १४. | महोत्तरी | बलवा नगरपालिका |
| १५. | महोत्तरी | राम गोपालपुर नगरपालिका |
| १६. | महोत्तरी | साम्सी गाउँपालिका |
| १७. | सर्लाही | लालबन्दी नगरपालिका |
| १८. | सर्लाही | हरिवन नगरपालिका |
| १९. | सर्लाही | कविलासी नगरपालिका |
| २०. | रौतहट | फतुवा बिजयपुर नगरपालिका |
| २१. | रौतहट | देवाही गोनाही नगरपालिका |
| २२. | बारा | परवानीपुर गाउँपालिका |
| २३. | बारा | फेटा गाउँपालिका |
| २४. | पर्सा | बिरगन्ज महानगरपालिका |
| बागमती प्रदेश | | |
| २५. | रसुवा | गोसाईकुण्ड गाउँपालिका |
| २६. | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| २७. | काठमाडौं | कागेश्वरी मनहरा नगरपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| २८. | काठमाडौं | नागार्जुन नगरपालिका |
| २९. | भक्तपुर | मध्यपुर थिमी नगरपालिका |
| ३०. | रामेछाप | लिखु गाउँपालिका |
| ३१. | चितवन | कालिका नगरपालिका |
| **गण्डकी प्रदेश** | | |
| ३२. | मनाङ | नार्पा भूमि गाउँपालिका |
| ३३. | मनाङ | चामे गाउँपालिका |
| ३४. | मुस्ताङ | लोमन्थाङ गाउँपालिका |
| ३५. | नवलपरासी-पूर्व | कावासोती नगरपालिका |
| **लुम्बिनी प्रदेश** | | |
| ३६. | रुपन्देही | सिद्धार्थनगर नगरपालिका |
| ३७. | बाँके | डुडुवा गाउँपालिका |
| **कर्णाली प्रदेश** | | |
| ३८. | मुगु | मुगुमकार्मारोग गाउँपालिका |
| ३९. | कालिकोट | महावै गाउँपालिका |
| ४०. | दैलेख | भैरवी गाउँपालिका |
| ४१. | सल्यान | बनगाड कुपिण्डे नगरपालिका |
| **सुदूरपश्चिम प्रदेश** | | |
| ४२. | बझाङ | थलारा गाउँपालिका |
| ४३. | दार्चुला | लेकम गाउँपालिका |
| ४४. | कञ्चनपुर | शुक्लाफाँटा नगरपालिका |

# अनुसूची ३: वार्षिक वित्तिय प्रगति प्राप्त नभएका स्थानीय तहको विवरण

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| **प्रदेश नं. १** | | |
| १. | ताप्लेजुङ | फक्ताङ्लुङ्ग गाउँपालिका |
| २. | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका |
| ३. | संखुवासभा | चिचिला गाउँपालिका |
| ४. | ओखलढुङ्गा | खिजीदेम्बा गाउँपालिका |
| ५. | भोजपुर | भोजपुर नगरपालिका |
| ६. | तेह्रथुम | आठराई गाउँपालिका |
| ७. | तेह्रथुम | लालीगुराँस नगरपालिका |
| ८. | तेह्रथुम | छथर गाउँपालिका |
| ९. | झापा | भद्रपुर नगरपालिका |
| **प्रदेश नं. २** | | |
| १०. | सप्तरी | शम्भुनाथ नगरपालिका |
| ११. | सप्तरी | बोदेबरसाईन नगरपालिका |
| १२. | सप्तरी | डाक्नेश्वरी नगरपालिका |
| १३. | सप्तरी | राजगढ गाउँपालिका |
| १४. | सप्तरी | छिन्नमस्ता गाउँपालिका |
| १५. | सिराहा | कल्याणपुर नगरपालिका |
| १६. | सिराहा | अर्नमा गाउँपालिका |
| १७. | सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका |
| १८. | सिराहा | सखुवानान्कारकट्टी गाउँपालिका |
| १९. | सिराहा | नवराजपुर गाउँपालिका |
| २०. | सिराहा | सिराहा नगरपालिका |
| २१. | धनुषा | गणेशमान चारनाथ नगरपालिका |
| २२. | धनुषा | धनुषाधाम नगरपालिका |
| २३. | धनुषा | बटेश्वर गाउँपालिका |
| २४. | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| २५. | धनुषा | सबैला नगरपालिका |
| २६. | धनुषा | शहीदनगर नगरपालिका |
| २७. | धनुषा | जनक नन्दिनी गाउँपालिका |
| २८. | धनुषा | बिदेह नगरपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| २९. | धनुषा | औरही गाउँपालिका |
| ३०. | धनुषा | नगराइन नगरपालिका |
| ३१. | महोत्तरी | बर्दिबास नगरपालिका |
| ३२. | महोत्तरी | सोनमा गाउँपालिका |
| ३३. | महोत्तरी | औरही नगरपालिका |
| ३४. | महोत्तरी | भँगाहा नगरपालिका |
| ३५. | महोत्तरी | बलवा नगरपालिका |
| ३६. | महोत्तरी | राम गोपालपुर नगरपालिका |
| ३७. | महोत्तरी | साम्सी गाउँपालिका |
| ३८. | महोत्तरी | महोत्तरी गाउँपालिका |
| ३९. | सर्लाही | लालबन्दी नगरपालिका |
| ४०. | सर्लाही | बागमती नगरपालिका |
| ४१. | सर्लाही | बरहथवा नगरपालिका |
| ४२. | सर्लाही | कविलासी नगरपालिका |
| ४३. | सर्लाही | मलंगवा नगरपालिका |
| ४४. | रौतहट | गुजरा नगरपालिका |
| ४५. | बारा | परवानीपुर गाउँपालिका |
| ४६. | बारा | फेटा गाउँपालिका |
| ४७. | बारा | कलैया उपमहानगरपालिका |
| ४८. | पर्सा | ठोरी (सुवर्णपुर) गाउँपालिका |
| ४९. | पर्सा | जिराभवानी गाउँपालिका |
| ५०. | पर्सा | सखुवा प्रसौनी गाउँपालिका |
| ५१. | पर्सा | बहुदरमाई नगरपालिका |
| ५२. | पर्सा | पोखरिया नगरपालिका |
| **बागमती प्रदेश** | | |
| ५३. | दोलखा | मेलुङ्ग गाउँपालिका |
| ५४. | दोलखा | शैलुङ० गाउँपालिका |
| ५५. | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ५६. | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका |
| ५७. | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| ५८. | नुवाकोट | तादी गाउँपालिका |
| ५९. | नुवाकोट | बेलकोटगढी नगरपालिका |
| ६०. | ललितपुर | महालक्ष्मी नगरपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ६१. | ललितपुर | कोन्ज्योसोम गाउँपालिका |
| ६२. | रामेछाप | लिखु गाउँपालिका |
| ६३. | रामेछाप | दोरम्बा गाउँपालिका |
| ६४. | मकवानपुर | कैलाश गाउँपालिका |
| ६५. | मकवानपुर | भिमफेदी गाउँपालिका |
| **गण्डकी प्रदेश** | | |
| ६६. | गोरखा | अजिरकोट गाउँपालिका |
| ६७. | मनाङ | नार्पा भूमि गाउँपालिका |
| ६८. | मनाङ | चामे गाउँपालिका |
| ६९. | मुस्ताङ | लोमन्थाङ गाउँपालिका |
| ७०. | म्याग्दी | अन्नपूर्ण गाउँपालिका |
| ७१. | तनहुँ | भानु नगरपालिका |
| ७२. | तनहुँ | घिरिङ्ग गाउँपालिका |
| ७३. | तनहुँ | देवघाट गाउँपालिका |
| ७४. | स्याङ्गजा | आँधिखोला गाउँपालिका |
| ७५. | बागलुङ | वडिगाड गाउँपालिका |
| **लुम्बिनी प्रदेश** | | |
| ७६. | गुल्मी | मुसिकोट नगरपालिका |
| ७७. | अर्घाखाँची | भुमिकास्थान नगरपालिका |
| ७८. | अर्घाखाँची | सन्धिखर्क नगरपालिका |
| ७९. | पाल्पा | रामपुर नगरपालिका |
| ८०. | नवलपरासी-पश्चिम | बर्दघाट नगरपालिका |
| ८१. | नवलपरासी-पश्चिम | रामग्राम नगरपालिका |
| ८२. | नवलपरासी-पश्चिम | सरावल गाउँपालिका |
| ८३. | नवलपरासी-पश्चिम | सुस्ता गाउँपालिका |
| ८४. | रुपन्देही | बुटवल उपमहानगरपालिका |
| ८५. | कपिलवस्तु | बिजयनगर गाउँपालिका |
| **कर्णाली प्रदेश** | | |
| ८६. | मुगु | मुगुमकार्मारोग गाउँपालिका |
| ८७. | हुम्ला | नाम्खा गाउँपालिका |
| ८८. | जुम्ला | गुठिचौर गाउँपालिका |
| ८९. | कालिकोट | पचाल झरना गाउँपालिका |
| ९०. | कालिकोट | रास्कोट नगरपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ९१. | कालिकोट | महावै गाउँपालिका |
| ९२. | दैलेख | महाबु गाउँपालिका |
| ९३. | दैलेख | भैरवी गाउँपालिका |
| ९४. | दैलेख | दुल्लु नगरपालिका |
| ९५. | दैलेख | नारायण नगरपालिका |
| ९६. | जाजरकोट | कुसे गाउँपालिका |
| ९७. | जाजरकोट | नलगाड नगरपालिका |
| ९८. | सल्यान | बनगाड कुपिण्डे नगरपालिका |
| ९९. | सुर्खेत | चिङ्गगाड गाउँपालिका |
| **सुदूरपश्चिम प्रदेश** | | |
| १००. | बझाङ | छबिस पाथिभरा गाउँपालिका |
| १०१. | बझाङ | थलारा गाउँपालिका |
| १०२. | बझाङ | खप्तडछान्ना गाउँपालिका |
| १०३. | दार्चुला | ब्याँस गाउँपालिका |
| १०४. | दार्चुला | लेकम गाउँपालिका |
| १०५. | बैतडी | दोगडाकेदार गाउँपालिका |
| १०६. | बैतडी | दशरथचन्द नगरपालिका |
| १०७. | बैतडी | सिगास गाउँपालिका |
| १०८. | डोटी | जोरायल गाउँपालिका |

# कार्यक्रमका केही तस्वीरहरु

**प्रदेश नं १**











**प्रदेश नं २**









**बागमती प्रदेश**









**गण्डकी प्रदेश**












**लुम्बिनी प्रदेश**












## कर्णाली प्रदेश










## सुदूरपश्चिम प्रदेश



